# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाण्डौं असार १२ गते २०५४ साल (अतिरिक्तांक १५


## भाग ३

श्री ५ को सरकार

जनसंख्या तथा वातावरण मन्त्रालयको

सूचना

# वातावरण संरक्षण नियमावली, २०५४

वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "वातावरण संरक्षण नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "सम्बन्धित निकाय" भन्नाले ऐन वा यस नियमावलीमा उल्लिखित कामसंग सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५को सरकारको कुनै मन्त्रालय सम्झनु पर्छ ।

(ग) "क्षेत्र" भन्नाले प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नको लागि नियम ४ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(घ) "प्रतिवेदन" भन्नाले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याकंन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ ।

(ङ) "कार्यसूची" भन्नाले प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्यसूची सम्झनु पर्छ ।

(च) "उद्योग" भन्नाले अनुसूची-७ मा तोकिए बमोजिमका उद्योग सम्झनु पर्छ ।

(छ) "प्रमाणपत्र" भन्नाले उद्योग संचालन गर्न सम्बन्धित निकायबाट लिइएको प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्झनु पर्छ ।

(ज) "निरीक्षक" भन्नाले ऐनको दफा ८ को उपदफा (१) बमोजिम नियुक्त वा तोकिएको वातावरण निरीक्षक सम्झनु पर्छ ।

(झ) "पञ्जिका" भन्नाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम सम्बन्धित निकायले तयार गरेको पञ्जिका सम्झनु पर्छ ।

(ञ) "प्रयोगशाला" भन्नाले ऐनको दफा ११ बमोजिम स्थापना गरिएको वा तोकिएको प्रयोगशाला सम्झनु पर्छ ।

(ट) "कोष" भन्नाले ऐनको दफा १३ बमोजिम स्थापना गरिएको वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(ठ) "संचालक समिति" भन्नाले नियम ३९ बमोजिम गठन भएको कोष संचालक समिति सम्झनु पर्छ ।

(ड) "क्षतिपूर्ति"भन्नाले नियम ४५ बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२
## प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन

३. प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने: ऐनको दफा ३ बमोजिम प्रस्तावकले अनुसूची-१ र अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरुको क्रमशः प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ।

४. क्षेत्र निर्धारण (स्कोपिङ) गर्ने: (१) प्रस्तावकले कुनै प्रस्तावको सम्बन्धमा प्रतिवेदन तयार गर्नु अघि सो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कस्तो क्षेत्रमा प्रभाव पर्दछ सो उल्लेख गरी क्षेत्र निर्धारणको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम क्षेत्र निर्धारणको लागि निवेदन दिनु अघि प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने गाउँ विकास समिति वा नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणको क्षेत्रमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित राय सुझाव दिनको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना पाएपछि सो सम्बन्धमा कसैको राय सुझाव भए त्यसरी सूचना पाएको मितिले तीस दिन भित्र सम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिई त्यसको जानकारी सम्बन्धित निकायलाई समेत दिन सकिनेछ।

(४) उपनियम (१) बमोजिम क्षेत्र निर्धारणको लागि निवेदन दिदा प्रस्तावकले उपनियम (३) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गर्नु पर्नेछ।

(५) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित निकायले निवेदन साथ संलग्न कागजात जाँचबुझ


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्नेछ।

८. प्रतिवेदन सुझावको लागि पठाउनु पर्ने: (१) प्रस्तावकले नियम ७ बमोजिम वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरिसकेपछि सो प्रतिवेदनमा राय सुझाब दिनको लागि त्यस्तो प्रतिवेदनको एक प्रति सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले सो प्रतिवेदन हेर्न वा अध्ययन गर्न चाहेमा प्रस्तावकले त्यस्तो व्यक्ति वा संस्थालाई समेत तीस दिनको समय दिई उक्त प्रतिवेदन हेर्न वा अध्ययन गर्न खुला गर्नु पर्नेछ ।

९. राय सुझाव दिन सक्ने: नियम ८ बमोजिम राय सुझावको लागि कुनै प्रतिवेदन प्राप्त भएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समितिले सो प्रतिवेदन प्राप्त भएको मितिले र कुनै व्यक्ति वा संस्थाले प्रतिवेदन खुला गरिएको मितिले तीस दिन भित्र आफ्नो कुनै राय सुझाव भए प्रस्तावकलाई दिन सक्नेछ ।

१०. प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने : ऐनको दफा ५ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्ताव सम्बन्धी प्रतिवेदनको सम्बन्धमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका र जिल्ला विकास समिति तथा कुनै व्यक्ति वा संस्थाको राय सुझाव लिनु पर्ने भए सो राय सुझाव समेतको आधारमा प्रतिवेदन तयार गरी प्रतिवेदनको पन्ध्र प्रति संलग्न गरी उक्त प्रस्ताव स्वीकृतिका लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

११. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने: (१) नियम १० बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा सम्बन्धित निकायले सो प्रस्ताव साथ संलग्न प्रतिवेदन जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण मात्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरे हुने प्रस्तावको सम्बन्धमा सो प्रस्ताव प्राप्त भएको मितिले तीस दिन भित्र आफैले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्याकंन गर्नु पर्ने प्रस्तावको सम्बन्धमा आफ्नो राय र प्रतिवेदनका दश प्रति संलग्न गरी प्रस्ताव प्राप्त भएको तीस दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएमा सो प्रस्ताव साथ प्राप्त प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सो प्रतिवेदन आफैले उतार गरी लैजान वा अध्ययन गर्नको लागि सर्वसाधारणलाई तीस दिनको समय दिनेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भएमा त्यसरी प्रतिवेदन खुल्ला गरिएको अन्तिम मितिले तीस दिन भित्र सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नो राय सुझाव मन्त्रालयमा पठाई सक्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै राय सुझाव प्राप्त भएमा सो राय सुझाव र ऐनको दफा ६ को उपदफा (४) बमोजिम कुनै समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रभाव पार्ने नदेखिएमा मन्त्रालयले प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिनेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिंदा मन्त्रालय समक्ष प्रस्ताव प्राप्त भएको मितिले नब्बे दिन भित्र दिई सक्नु पर्नेछ ।

१२. <u>प्रतिवेदन पालन गर्नु पर्ने:</u> प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा प्रतिवेदनमा उल्लेख भए बमोजिमका कुराहरु र सम्बन्धित निकाय वा मन्त्रालयले तोकिदिएका शर्तहरु अनिवार्य रुपले पालन गर्नु पर्नेछ ।

१३. <u>अनुगमन तथा मूल्याकंन</u> : (१) प्रस्तावकको कार्यान्वयनबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरणमा पर्ने प्रभावको अनुगमन तथा मूल्याकंन सम्बन्धित निकायले गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा मूल्याकंन गर्दा प्रस्ताव स्वीकृत हुँदा तोकिएको शर्तमा उल्लेख गरिएका प्रभाव भन्दा बढी प्रभाव परेको देखिएमा सम्बन्धित निकायले त्यस्ता प्रभावहरु हटाउन वा हटाउने उपायहरु अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावकलाई दिएको निर्देशनको जानकारी सम्बन्धित निकायले मन्त्रालयलाई दिनु पर्नेछ ।

१४. वातावरणीय परीक्षण गरी अद्यावधिक राख्नु पर्ने: मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने प्रस्ताव कार्यान्वयन भई काम शुरु भएको दुई वर्ष पछि त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न गएको प्रभाव, त्यस्तो प्रभावलाई कम गर्न अपनाइएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद-३
## प्रदूषणको रोकथाम तथा नियन्त्रण

१५. मापदण्ड विपरीत फोहर मैला निस्काशन गर्न नहुने: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मापदण्ड विपरीत हुने गरी कसैले पनि कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्कासन गर्न गराउन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>प्रमाणपत्र लिनु पर्ने:</u> (१) अनुसूची-७ मा उल्लेख भए बमोजिमका हाल सञ्चालन भइरहेका उद्योगले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र सम्बन्धित उद्योगको विस्तृत विवरण उल्लेख गरी प्रदूषण नियन्त्रण प्रमाणपत्र लिनको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो निवेदन उपर जाँचबुझ गरी आवश्यकता अनुसार उद्योग सञ्चालन हुने गाउँ विकास समिति वा नगरपालिकाको राय सुझाव समेत लिदा त्यस्तो उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा वा त्यस्तो प्रभाव कम वा नियन्त्रण गर्न सकिने भएमा आवश्यकता अनुसार देहायका सबै वा केही शर्तहरु तोकी त्यस्तो निवेदन प्राप्त भएको मितिले दुईवर्ष भित्र निवेदकलाई प्रमाणपत्र दिनेछः-

(क) प्रदूषण कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपकरणहरु निर्धारित समयमा जडान गर्ने,

(ख) जडान भएका प्रदूषण नियन्त्रण उपकरणहरुको उचित प्रयोग गर्ने,

(ग) निर्धारित समयमा मात्र उद्योग सञ्चालन गर्ने,

(घ) कुनै उद्योग हाता भित्र कुनै काम गरिएबाट प्रदूषण भएकोमा सो काम रोक्का गर्नको लागि खास उपायहरु अवलम्बन गर्ने,

(ङ) कुनै उद्योगको काम कारवाईबाट उद्योग हाता बाहिर प्रदूषण भएमा सो काम कारवाईलाई नियन्त्रण गर्नको लागि खास उपायहरु अवलम्बन गर्ने,

(च) अनुगमनको लागि आवश्यक पर्ने उपकरणहरु निश्चित समयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराउने,

(छ) सम्बन्धित निकायले उद्योगको प्रकृति अनुसार आवश्यक सम्झी तोकिदिएका अन्य शर्त बमोजिमका काम गर्ने ।

(३) उपनियम (२) बमोजिम तोकिएका शर्त अनुसार उद्योगले आफ्नै खर्चमा उपकरणहरुको जडान र प्रयोग गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम पाएको प्रमाणपत्रमा उल्लेखित शर्तहरु सबैले देख्ने गरी उद्योग संचालन भएको ठाउँमा राख्नु पर्नेछ ।

(५) सम्बन्धित निकायले प्रमाणपत्र पाएका उद्योगहरुको नामावली अद्यावधिक रुपमा राखी सो नामावली मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. प्रदूषण गरेमा वा फोहरमैला निष्कासन गरेमा उजूरी गर्न सक्ने: कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेमा वा फोहर मैला निष्कासन गरेमा सो कार्यबाट प्रभावित व्यक्ति, संस्था, गाउँ विकास समिति वा नगरपालिकाले सम्बन्धित निकायमा उजूर गर्न सक्नेछ ।

१८. प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्कासन नगर्न सूचना गर्ने: (१) सम्बन्धित निकायले जाँचबुझको सिलसिलामा वा नियम १७ बमोजिम उजूरी परी जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन र यस नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेको वा फोहरमैला निष्कासन गरेको देखिएमा त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई सम्बन्धित निकायले त्यस्तो शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्कासन नगर्नको लागि तुरुन्त सूचना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित व्यक्ति, संस्था वा उद्योगलाई सूचना दिंदा देहायका कुनै वा सबै काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तुरुन्त गर्नु भनी समयावधि तोकी सम्बन्धित निकायले आदेश दिन सक्नेछ:-

(क) प्रदूषण नियन्त्रण गर्ने वा फोहरमैला निष्कासन नगर्ने सम्बन्धमा तुरुन्त अवलम्बन गर्नु पर्ने कुराहरु,

(ख) कुनै उपकरण वा साधन प्रयोग गर्न, संचालन गर्न वा त्यस्तो उपकरणमा सुधार गर्न,

(ग) प्रयोग वा संचालन गरिएका कुनै वा सबै उपकरण प्रयोग वा संचालन नगर्न,

(घ) निश्चित अनुगमन कार्यक्रम अवलम्बन गरी आफू समक्ष प्रतिवेदन पेश गर्न लगाउन,

(ङ) प्रदूषण नियन्त्रण गर्ने तथा फोहरमैला निष्कासन नगर्न विभिन्न किसिमका वैकल्पिक उपायहरु अवलम्बन गर्न,

(च) वातावरण व्यवस्थापन प्रणाली विकसित गरी सो को जानकारी दिन लगाउन,

(छ) प्रदूषणको नियन्त्रण तथा फोहरमैला निष्कासन सम्बन्धी कार्यमा रोक लगाउने विषयमा उपयुक्त संझेको अन्य कार्य गर्न लगाउन।

१९. <u>शर्तहरु परिवर्तन गर्न सक्ने</u>: (१) प्रदूषण कम गर्ने वा नियन्त्रण गर्ने सम्बन्धमा नियम १६ को उपनियम (२) बमोजिम तोकिएका शर्तहरुमा केही परिवर्तन गरी अन्य उपायहरु अवलम्बन गर्न उपयुक्त भएमा उद्योगले सोही व्यहोरा खुलाई सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनमा उल्लेख भए बमोजिम प्रदूषण कम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

995.

वा नियन्त्रण गर्न अन्य उपायहरु अवलम्बन गर्न सकिने देखिएमा सम्बन्धित निकायले निवेदकको माग बमोजिम केही शर्तहरु परिवर्तन गरी अन्य उपायहरु अवलम्बन गर्न स्वीकृति दिन सक्नेछ।

२०. सम्बन्धित निकाय आफैंले सरसफाई सम्बन्धी काम गर्न सक्ने: (१) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्कासन नगर्ने सूचना गर्दा पनि फोहरमैला निष्कासन गरेको कारणले सर्वसाधारणमा प्रतिकूल असर पर्न गएमा सम्बन्धित निकायले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित निकायले कुनै ठाउँबाट फोहरमैला हटाउँदा लागेको खर्च र सो काम गरे बापतको थप पच्चीस प्रतिशत रकम त्यस्तो फोहरमैला निष्काशन गर्ने व्यक्ति, संस्था वा उद्योगसंग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नेछ।

## परिच्छेद-४

## निरीक्षकको योग्यता तथा काम, कर्तव्य र अधिकार सम्बन्धी

२१. निरीक्षकको योग्यता: निरीक्षक पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट वातावरणीय व्यवस्थापन प्राकृतिक स्रोत व्यवस्थापन, वातावरणीय विज्ञान, मेकानिकल इण्डष्ट्रियल वा केमिकल इन्जिनियरिङ्ग, कृषि इन्जिनियरिङ्ग स्वास्थ वा वातावरणीय इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनु पर्नेछ।

२२. काम कारवाही रोक्का राख्न सक्ने: (१) निरीक्षकले ऐनको दफा ८ बमोजिम जाँचबुझको सिलसिलामा ऐन वा यस नियमावली विपरीत भए गरेको कुनै काम कारवाई तुरुन्त

रोक्का गर्नु पर्ने भएमा सम्भव भएसम्म मन्त्रालयको अनुमति लिई रोक्का गर्नु पर्नेछ र त्यसरी अनुमति लिन संभव नभएमा त्यस्तो काम कारवाई रोक्का राखी सो कुराको जानकारी यथाशक्य छिटो मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षकले कुनै काम कारवाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

२३. निरीक्षकले जाँचबुझको प्रतिवेदन पेश गर्नु पर्ने: (१) निरीक्षकले ऐनको दफा ८ बमोजिम निरीक्षण गरिसकेपछि निरीक्षणमा देखिएका कुराहरुको विस्तृत विवरण सहितको जाँचबुझ प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले सो सम्बन्धमा देहायको कुनै वा सबै काम गर्न सक्नेछः-

(क) ऐन वा यस नियमावली विपरीत प्रदूषण गर्ने वा फोहरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा प्रस्तावकलाई उपस्थित गराई बयान गराउने,

(ख) कुनै संयन्त्र, औजार, मेशिनरी, माल सामान आदि जाँचबुझ गराउने,

(ग) जाँचबुझ पश्चात कुनै संयन्त्र, औजार, मेशिनरी आदिको प्रयोगमा रोक लगाउने,

(घ) प्रदूषणको रोकथाम तथा फोहरमैलाको निष्कासन नगर्न उपयुक्त सम्झेको कुनै आदेश दिने ।

२४. स्थानीय प्रशासनले सहयोग गर्नु पर्ने: निरीक्षणको सिलसिलामा कसैले निरीक्षकलाई बाधा विरोध गरेमा वा निरीक्षण गर्न जाँदा बल प्रयोग गर्नु पर्ने भई निरीक्षकले प्रहरीको सहयोग माग गरेमा स्थानीय प्रशासनले निरीक्षकलाई आवश्यक प्रहरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराउनु पर्नेछ।

२५. निरीक्षक लाई सजाय हुने: निरीक्षकले ऐन वा यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा जानी जानी वा बदनियतसाथ कुनै काम गरी कसैलाई हानी नोक्सानी पुर्‍याएमा निजलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-५

## राष्ट्रिय सम्पदा र वातावरण संरक्षण क्षेत्रको संरक्षण

२६. पञ्जिका तयार गर्दा अपनाउनु पर्ने कार्यविधि: (१) सम्बन्धित निकायले पञ्जिकामा समावेश गरिने वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि उल्लेख गरी सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लेख भएका वस्तु, स्थल वनस्पति, जीवजन्तु आदिको सम्बन्धमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सूचना प्रकाशन भएको मितिले तीस दिन भित्र सम्बन्धित निकायमा उजूर गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै उजूरी परेमा सो उजूरी उपर छानबीन गरी र कुनै उजूरी नपरेमा तीस दिनको म्याद समाप्त भएपछि सम्बन्धित निकायले पञ्जिका तयार गर्नु पर्नेछ ।

२७. चिन्ह तथा सिमाना राख्नु पर्ने: (१) सम्बन्धित निकायले पञ्जिकामा समावेश भएका वस्तु वा स्थलको पहिचानको लागि त्यस्तो वस्तु वा स्थलमा आवश्यकतानुसार चिन्ह तथा सिमाना राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिएको चिन्ह तथा सिमाना सम्बन्धी विवरण र सो संग सम्बन्धित नक्सा सम्बन्धित निकायले अद्यावधिक रुपमा राखी सो को जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

२८. हानी नोक्सानी गर्न नहुने: सम्बन्धित निकायको स्वीकृति वेगर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कसैले पनि पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिका सम्बन्धमा देहायका कुनै काम गर्नु गराउनु हुँदैनः-

(क) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि हटाउन, फेरबदल गर्न वा त्यसलाई नोक्सान पुग्ने कुनै काम गर्न,

(ख) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि कसैलाई उपहार दिन वा हकछाडी बेचबिखन गर्न वा हस्तान्तरण गर्न,

(ग) पञ्जिकामा समावेश भएका कुनै जीवजन्तुहरुलाई नोक्सान पुर्‍याउने किसिमका अन्य जीवजन्तु राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रमा प्रवेश गराउन,

(घ) कुनै वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि बिग्रने वा नासिने गरी अन्य कुनै काम गर्न ।

२९. उजूरी गर्न सकिनेः (१) पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको कसैले नियम २८ मा लेखिए विपरीत हानी नोक्सानी हुने कुनै काम गरे गराएमा सो विषयमा जो सुकैले सम्बन्धित निकायमा उजूरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजूरी परी जाँचबुझ गर्दा वा सम्बन्धित निकाय आफैले जाँचबुझको सिलसिलमा पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको हानी नोक्सानी भएको देखिएमा सो कार्य तुरुन्त रोक्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. वातावरण संरक्षण क्षेत्रमा गर्न नपाइने काम: (१) कसैले पनि वातावरण संरक्षण क्षेत्र भित्र देहायका कुनै काम गर्न गराउन हुँदैन:-

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई विगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुर्‍याउन,

(ख) कुनै पनि वन्यजन्तुको खरिद बिक्री, व्यापार गर्न, शिकार गर्न तथा त्यस्ता वन्य जन्तुलाई क्षति पुर्‍याउन,

(ग) जैविक विविधतालाई प्रतिकूल असर पुग्ने किसिमको कुनै काम गर्न,

(घ) कुनै पनि वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, उखेल्न तथा वनस्पतिलाई हानी नोक्सानी हुने किसिमका काम गर्न,

(ङ) ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु बिगार्न, फोर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरुमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरु टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(च) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको श्रोतमा विद्युतीय धार (करेण्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न,

(छ) कुनै पनि किसिमको घरपालुवा जनावरहरुबाट जननकृति (जेनेटिक मेकअप)मा परिवर्तन गर्न ,

(ज) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुंगा, माटो, कंकिट वा अन्य पदार्थ हटाउन,

(झ) होटल, लज, सार्वजनिक यातायात, स्वास्थ्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौकी, विद्यालय, कुटी वा अन्य यस्तै किसिमका सेवाहरु सञ्चालन गर्न,

(ञ) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न,

(ट) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चिजवस्तुलाई हानी नोक्सानी पुर्‍याउन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वातावरण संरक्षण क्षेत्रको व्यवस्थापन तथा विकासको लागि मन्त्रालयले स्वीकृति दिएका कुनै कार्यहरु गर्न सो उपनियममा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

३१. <u>स्वीकृति बेगर अनुसन्धान गर्न नहुने:</u> कुनै पनि विदेशी संघ संस्था वा तिनीहरुसँग आवद्ध व्यक्ति वा संस्थाले सम्बन्धित निकायको पूर्व स्वीकृति बेगर नेपाल अधिराज्य भित्रको कुनै पनि ठाउँमा कुनै जिवाणु र वनस्पतिको नमूना संकलन गर्न तथा जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न गराउन हुँदैन ।

३२. <u>स्वीकृतिको लागि निवेदन दिनु पर्ने:</u> (१) कुनै पनि विदेशी संघ संस्था वा तिनीहरुसँग आवद्ध व्यक्ति वा संस्थाले नेपाल अधिराज्यभित्रको कुनै ठाउँमा कुनै जिवाणु र वनस्पतिको नमूना संकलन गर्न र जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न चाहेमा त्यसको उद्देश्य खुलाई स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन पर्न आएमा सम्बन्धित निकायले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझबाट कुनै जिवाणु तथा वनस्पतिको नमूना संकलन गर्न तथा जैविक विविधताको अनुसन्धान सम्बन्धी कुनै कार्य गर्न दिन मनासिब देखिएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक शर्तहरु तोकी स्वीकृति दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति दिइएको जानकारी सम्बन्धित निकायले मन्त्रालयलाई गराउनु पर्नेछ ।

३३. शर्त विपरीत काम गर्न नहुने: (१) नियम ३२ बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा संस्थाले कुनै जिवाणु र वनस्पतिको नमूना संकलन तथा जैविक विविधताको अनुसन्धान गर्दा सम्बन्धित निकायले तोकिदिएका शर्त विपरीत हुने गरी कुनै काम कारवाही गर्नु हुँदैन ।

(२) उपनियम (१) विपरित कसैले कुनै काम गरेको देखिएमा सम्बन्धित निकायले सो काम तुरुन्त रोक्नु पर्नेछ ।

## परिच्छेद-६

## प्रयोगशाला सम्बन्धी व्यवस्था

३४. गुणस्तरयुक्त प्रयोगशाला मात्र तोकिने: ऐनको दफा ११ को उपदफा (१) बमोजिम गैर सरकारी क्षेत्रमा सञ्चालन भएका प्रयोगशालाहरु तोक्दा गुणस्तरयुक्त प्रमाणपत्र पाएका प्रयोगशालाहरु मात्र तोकिनेछन् ।

३५. प्रयोगशालाको काम, कर्तव्य र अधिकार: (१) ऐनमा लेखिए देखि बाहेक प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिई परीक्षण गर्ने ,

(ख) विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट वातावरणमा गंभीर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकिदिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समयावधि भित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदूषण जाँच गर्ने प्रविधि नभएका प्रयोगशालाले सम्बन्धित निकाय वा मन्त्रालयको अनुरोधमा विदेश स्थित प्रयोगशालाबाट त्यस्तो प्रदूषणको जाँच गराउनु पर्नेछ ।

३६. अर्को प्रयोगशालाबाट जाँच गराउन सकिने: सम्बन्धित निकाय वा मन्त्रालयले एउटा प्रयोगशालाबाट जाँच भएको प्रदूषणको स्तर आवश्यकतानुसार अर्को प्रयोगशालाबाट समेत जाँच गराउन सक्नेछ ।

३७. प्रयोगशालाबाट गरिएको जाँच प्रकाशन गर्न सक्ने: सम्बन्धित निकाय वा मन्त्रालयले यस नियमावली बमोजिम प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

३८. प्रयोगशालाको सूची अद्यावधिक राख्नु पर्ने: मन्त्रालयले सरकारी तथा गैर सरकारी क्षेत्रमा स्थापना भएका गुणस्तरयुक्त प्रयोगशालाहरुको सूची तयार गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७

## कोष सञ्चालन सम्बन्धी व्यवस्था

३९. सञ्चालक समितिको गठन सम्बन्धी: (१) कोषको व्यवस्था, सञ्चालन र रेखदेख समेतको काम गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष सञ्चालक समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (ग) सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) डेपुटी गर्भनर, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ङ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (च) वातावरण विद्हरु वा वातावरण सम्बन्धी गैर सरकारी संस्थाका प्रमुखहरु मध्येबाट एकजना | सदस्य |
| (छ) सह-सचिव (वातावरण महाशाखा), जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र निजको पदावधि दुई वर्षको हुनेछ ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. सचिवालय र प्रशासकीय खर्च सम्बन्धी व्यवस्था: (१) सञ्चालक समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ ।

(२) सञ्चालक समितिको सचिवालयको लागि प्रशासकीय खर्चको रकम मन्त्रालयको बजेटबाट व्यहोरिनेछ ।

४१. कोषको व्यवस्थापन र सञ्चालन: (१) कोषलाई आवर्ति ( रिभल्वींङ्ग) कोषको रुपमा सञ्चालन गरिनेछ ।

(२) कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिम खोलिएको खाताको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

४२. कोषको प्रयोग: कोषमा जम्मा भएको रकम वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणसंग सम्बन्धित विषयमा र देहायका काममा सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ :-

(क) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण र त्यस्ता कार्यका लागि जनचेतना अभिवृद्धि गर्न प्रभावकारी भूमिका खेल्ने संस्थालाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ख) वातावरणीय शिक्षा, तालीम, अध्ययन, अनुसन्धान सम्बन्धी काममा आवश्यक आर्थिक सहयोग पुर्‍याउने,

(ग) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने।

(घ) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा नियमित कार्यक्रममा नपरेका योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

४३. लेखा व्यवस्था: कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

४४. वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने: सञ्चालक समितिले वर्षभरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-८

## क्षतिपूर्ति तथा अन्य व्यवस्था

४५. क्षतिपूर्ति भराउन निवेदन दिन सक्ने: (१) ऐनको दफा १७ बमोजिम कसैले कुनै व्यक्ति, संस्था वा प्रस्तावकसँग क्षतिपूर्ति भराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकले गरेको कुन कामबाट निवेदकलाई के कस्तो क्षति पुग्न गएकोले कति क्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले सो निवेदन र आवश्यकता अनुसार सम्बद्ध ठाउँको वस्तुस्थिति समेतको जाँचबुझ गरी सो विषयमा जिल्ला स्थित सम्बन्धित कार्यालय र उक्त जिल्लामा निरीक्षक खटिएको भए निरीक्षक समेतको राय, सुझाव लिई निवेदकलाई पुग्न गएको वास्तविक क्षतिको मूल्यांकन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै कारणले क्षतिको मूल्यांकन गर्न नसक्ने भएमा प्रमुख जिल्ला अधिकारीले सो विषयमा सुझावको लागि सम्बनिधत निवेदन प्राप्त भएको तीस दिन भित्र सो निवेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो सम्बन्धमा जाँचबुझ गरी आवश्यकतानुसार सम्बन्धित ठाउँको वस्तुस्थिति हेरी राय सुझाव सहित त्यस्तो निवेदन सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ।

(५) उपनियम (२) बमोजिम क्षतिको मूल्याकंन गरिएकोमा सोही बमोजिम र सम्बन्धित निकायबाट सुझाव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माग गरिएकोमा उपनियम (४) बमोजिम सुझाव प्राप्त भए पछि प्रमुख जिल्ला अधिकारीले सो सुझाव अनुसार क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ ।

(६) क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपनियम (३) बमोजिम सम्बन्धित निकायमा पठाइएकोमा सम्बन्धित निकायबाट सुझाव प्राप्त भएको मितिले पन्ध्र दिन भित्र र सम्बन्धित निकायमा निवेदन नपठाएकोमा क्षतिपूर्तिको लागि निवेदन परेको साठी दिन भित्र प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(७) क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई आफू समक्ष उपस्थित गराई वयान गराउने, कुनै कागजात, उपकरण, यन्त्र आदि पेश गर्न लगाउने, प्रदूषण, ध्वनि, ताप वा फोहर मैलाको सृजना वा निष्कासन गरेको ठाउँमा प्रवेश गरी जाँचबुझ गर्ने अधिकार हुनेछ ।

(८) प्रमुख जिल्ला अधिकारीले यस नियम बमोजिम निर्धारण गरेको क्षतिपूर्तिको रकम उचित र मनासिब हुनु पर्नेछ ।

४६. <u>निर्धारित समयमा क्षतिपूर्ति रकम बुझाउनु पर्ने:</u> (१) नियम ४५ बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको मितिले तीस दिन भित्र सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र क्षतिपूर्तिको रकम बुझाउन नसकेको मनासिब माफिकको कारण जनाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले म्याद थपको लागि निवेदन गरेमा र त्यसरी निवेदनमा उल्लेख भएको कारण मनासिब देखिएमा प्रमुख जिल्ला अधिकारीले एक पटकको लागि बढीमा तीस दिनको म्याद थप गरिदिन सक्नेछ।

४७. <u>जायजेथाबाट क्षतिपूर्ति असूल उपर गरिने:</u> (१) नियम ४६ बमोजिमको म्याद भित्र सम्बन्धित व्यक्ति, संस्था वा

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

प्रस्तावकले क्षतिपूर्तिको रकम नबुझाएमा सो म्याद नाघेको तीन महिना भित्र क्षतिपूर्ति पाउने व्यक्ति वा संस्थाले त्यस्तो व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा खुलाई क्षतिपूर्ति असूल उपर गरी पाउन प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति बुझाउनु पर्ने व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी क्षतिपूर्तिको रकम भराई दिई बाँकी रकम प्रचलित कानूनको रीत पुर्‍याई लिन आए सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

४८. सजाय गर्ने अधिकारी तोकिएको: (१) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रस्ताव स्वीकृत नगराई कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रस्ताव स्वीकृत नगराई कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

(३) कुनै उद्योगले नियम १६ बमोजिम प्रमाणपत्र नलिई उद्योग संचालन गरेमा वा कुनै व्यक्ति, संस्था वा उद्योगलाई नियम १८ बमोजिम प्रदूषण नियन्त्रण गर्न वा फोहरमैला निष्काशन नगर्ने सूचना गर्दा पनि प्रदूषण नियन्त्रण नगरेमा वा फोहर मैला निष्काशन गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(४) कसैले नियम २३ को उपनियम (२) बमोजिम दिइएको आदेश बमोजिम कुनै काम नगरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कसैले पञ्जिकामा समावेश भएका वा राष्ट्रिय सम्पदा भित्रका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको नियम २८ बमोजिम हानी नोक्सानी हुने कुनै कार्य गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(६) कसैले नियम ३२ बमोजिम स्वीकृति नलिई वा तोकिएको शर्त विपरित कुनै काम गरेमा ऐनको दफा १८ को उपदफा (२) बमोजिम सजाय गर्ने अधिकारी सम्बन्धित निकाय हुनेछ ।

(७) कसैले यस नियममा माथि लेखिएदेखि बाहेकका ऐन वा यस नियमावली विपरितको कुनै काम गरेमा ऐनको दफा १८ बमोजिम सजाय गर्ने अधिकारी मन्त्रालय हुनेछ ।

४९. पुरस्कार, प्रशंसापत्र वा चिन्ह प्रदान गर्न सक्ने: (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई मन्त्रालयले कदर स्वरुप नगद पुरस्कार र प्रशंसापत्र प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उल्लेखनीय योगदान पुऱ्याउने उद्योगलाई सो उद्योगको खास उत्पादनमा प्रयोग गर्न पाउने गरी मन्त्रालयले वातावरण अनुकूल चिन्ह प्रदान गर्न सक्नेछ ।

(३) कुनै उद्योगले ऐन वा यस नियमावली विपरीत प्रदूषणको नियन्त्रण तथा रोकथाम नगरेमा मन्त्रालयले त्यस्तो उद्योगलाई प्रदान गरेको वातावरण अनुकूल चिन्ह प्रयोग गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम रोक लगाइएको सूचना मन्त्रालयले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

५० वातावरण सम्बन्धी विशेषज्ञको नामावली: मन्त्रालयले वातावरणको सम्बन्धमा विशेष ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गरी राख्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१. अधिकारी तोकिएको: ऐनको दफा ८ को उपदफा (६) को प्रयोजनको लागि तोकिएको अधिकारी मन्त्रालय हुनेछ ।

५२. अधिकार प्रत्यायोजन: मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार सम्बन्धित निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५३. यसै नियमावली बमोजिम हुने: यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावली बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५४. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने: मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- १
(नियम ३ संग सम्बन्धित)
प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु

(अ) वन क्षेत्र

१. तराईमा ५० देखि १०० हेक्टरसम्म र पहाडमा २५ देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा बृक्षारोपण गर्ने ।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरु तराईमा १० हेक्टर देखि ५० हेक्टर सम्म र पहाडमा ५ हेक्टर देखि २५ हेक्टर सम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

३. तराईमा २५ देखि १०० हेक्टरसम्म र पहाडमा ५ देखि २५ हेक्टरसम्म क्षेत्रफलको वन कवुलियती वनको रुपमा दिने ।

४. ५ हेक्टर क्षेत्रफल सम्मको राष्ट्रिय वन सरपट कटान वा पुनरुत्थान गर्ने ।

५. वार्षिक ५ हजार देखि ५० हजार क्यूविक फिटसम्म काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने ।

६. वार्षिक ५ देखि ५० टनसम्मको काठ बाहेकका वनजन्य उत्पादनको संकलन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने ।

८. कटान भएको रुखको जरा निकाल्ने, पात झिक्ने (रुख ठुटो हुने गरी), रुखमा भएको झ्याउ, सुनगाभाको बिउ निकाल्ने र सालको बिउ संकलन गर्ने ।

९. जलाधार व्यवस्थापन योजना तर्जुमा गर्ने ।

१०. वन क्षेत्र बाहिर सार्वजनिक वा निजी क्षेत्रमा नयाँ वनस्पति उद्यान र चिडियाखाना निर्माण गर्ने ।

११. विभिन्न प्रजातिका आयातित जंगली जनावरहरु प्रतिस्थापन गर्ने ।

१२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षित क्षेत्र र तिनको मध्यवर्ति क्षेत्र समेतमा व्यवस्थापन योजना तयार गर्ने वा त्यस्तो योजनाले निर्दिष्ट गरेको विकास निर्माणका कार्य गर्ने ।

१३. सार्वजनिक वुट्यान क्षेत्रमा जडीबूटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडीबूटी केन्द्र स्थापना गर्ने ।

१४. प्रदूषण नहुने जडीबूटी र सुगन्धित वनस्पतिको व्यावसायिक संकलन वा औद्योगिक प्रशोधन गर्ने ।

१५. ५ कि.मि. सम्म वनपथ र १० कि.मि. भन्दा लामो अग्नी रेखा निर्माण गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. वन क्षेत्रबाट ढुँगा, ग्राभेल, बालुवा संकलन गर्ने तथा कोइला र अन्य खनिज पदार्थ निकाल्ने ।

(आ) उद्योग क्षेत्र

१. दैनिक ५ हजार देखि २५ हजार लिटरसम्म उत्पादन क्षमता भएको उमाल्ने तथा फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने ।

२. दैनिक ५ हजारदेखि २५ हजार हेक्टो लिटरसम्म उत्पादन क्षमता भएको उमाल्ने तथा फर्मेन्टेशन सुविधायुक्त ब्रुअरी स्थापना गर्ने ।

३. दैनिक १०० टनसम्म उत्पादन क्षमता भएको रासायनिक उद्योगहरु स्थापना गर्ने ।

४. दैनिक १०० थानसम्म आधुनिक छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

५. १ हेक्टरदेखि ३ हेक्टरसम्म खुला क्षेत्रफल ओगट्ने मेकानिकल वर्कशप र स:मिल स्थापना गर्ने ।

६. दैनिक ५०० के.जी. सम्म कच्चा पदार्थ प्रयोग गर्ने प्लाष्टिकसंग सम्बन्धित उद्योग स्थापना गर्ने ।

७. सुरक्षात्मक छपाई (सेक्यूरिटी प्रिन्टिङ) र मुद्रा तथा सिक्का छपाई गर्ने तथा निकाल्ने ।

८. कार्पेट धुलाइ गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३४

९. रबर, टायर, ट्यूबको प्रशोधन र निर्माण गर्ने ।

१०. साबुन, ईलेक्ट्रो प्लेटिङ्ग, फोटो प्रोसेसिङ, टायर ट्यूब्स, एल.पी. ग्यास उद्योग स्थापना गर्ने ।

११. परंपरागत एवं आधुनिक हात हतियार, गोलिगठ्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने ।

१२. ढुंगा क्रसिङ्ग तथा रंग रोगन उद्योगहरु स्थापना गर्ने ।

१३. २०० वर्ग मिटर भन्दा बढी जमिन ओगटेको बट्टा बन्दी तथा बोतल बन्दी गर्ने ।

(इ) खानी क्षेत्र

१. १० देखि ५० हेक्टरसम्म क्षेत्रफलको जमिनमा अन्वेषण गर्ने ।

२. १० हेक्टरसम्मको जमिनमा खानी क्षेत्रको स्थापना गर्ने ।

३. खानीको उत्खनन् तथा स्थापना गर्ने र उत्खनन्बाट प्राप्त वस्तु प्रशोधन वा स्मेल्टिङ गर्नको लागि १०० जना सम्म जनसंख्या स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गर्ने ।

४. दैनिक १० टनसम्मको कच्चा पदार्थको रुपमा प्रयोग हुने पत्रु फलाम उत्पादन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दैनिक १०० ग्रामसम्म उत्पादन क्षमताको अति बहुमुल्य धातु उत्खनन् गर्ने ।

६. प्लेसर र ड्रेजिङ तरिकाबाट औद्योगिक प्रयोजनको लागि ५० ग्रामसम्म बहुमुल्य र अर्ध बहुमुल्य खनिज उत्खनन् गर्ने ।

७. प्राकृतिक ग्याँस तथा साना स्तरका खनिज इन्धन निकाल्ने ।

८. नदी सतहबाट दैनिक ५० घन मिटरसम्म बालुवा, ग्राभेल (गिर्खा) र माटो निकाल्ने ।

९. वार्षिक १५ लाखदेखि ५० लाख गोटासम्म इटा र टायल उत्पादन गर्न माटो उत्खनन् गर्ने ।

१०. अति बहुमुल्य धातु बाहेक गैर फलाम धातु वा अन्य धातु उत्खनन् सम्बन्धी साना खानी स्थापना गर्ने ।

११. दैनिक १०० टनसम्मका कच्चा पदार्थ प्रयोग हुने फलाम उत्पादन गर्ने ।

(ई) सडक क्षेत्र

१. देहायका सडकहरु निर्माण गर्नेः-

(क) जिल्ला सडकहरु

(ख) शहरी सडकहरु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ग्रामीण सडकहरु

(घ) साना सहायक सडकहरु

२. १ देखि ५ कि.मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने ।

३. १ देखि ५ कि.मि. सम्मको केबुल कार मार्ग निर्मांण गर्ने ।

४. प्रमुख पुलहरु निर्माण गर्ने ।

५. सुरुङहरु बनाउने ।

६. राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरुको स्तरवृद्धि, पुनर्स्थापना तथा पुनःनिर्माण गर्ने ।

(उ) जलस्रोत र उर्जा क्षेत्र

१. ६६ के.भी. क्षमतासम्मको विद्युत लाईन निर्माण गरी वितरण गर्ने ।

२. १ देखि ६ एम.भि.ए. सम्मको ग्रामीण विद्युतीकरण आयोजना संचालन गर्ने ।

३. १ मेगादेखि ५ मेगावाट सम्म क्षमताको विद्युत उत्पादन आयोजना संचालन गर्ने ।

४. सिंचाईको नयाँ प्रणाली अन्तर्गत :-

(क) तराईमा २५ हेक्टरदेखि २ हजार हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पहाडी उपत्यकामा १५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने,

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा १० देखि २०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने ।

५. सिंचाईको पुनरुत्थान प्रणाली अन्तरगत :-

(क) तराईमा ५०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने ।

(ख) पहाडी उपत्यकामा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा १०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने ।

६. १०० जना सम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य ।

७. तराईमा बाँधबाट बाढी नियन्त्रण गर्ने ।

८. १ कि.मि. भन्दा बढी लम्बाईको नदी नियन्त्रण गर्ने।

द्रष्टव्य: थप सिंचाई क्षेत्र, नयाँ मुहान, जलाशय प्रबन्ध वा परिवर्तित नहर रेखाँकन सहितको कुनै पनि पुनरुत्थान आयोजनालाइं नयाँ प्रणाली मानिने छ ।

(ऊ) पर्यटन क्षेत्र

१. ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने ।

३. पर्यटन प्रवर्द्धनको लागि नयाँ क्षेत्र खोल्ने ।

४. माछा वा अन्य जलचर भएको कुनै नदीमा ऱ्याफ्टिङ्ग कार्य सञ्चालन गर्ने ।

५. नयाँ गल्फ कोर्स तथा संगठित रुपमा संचालन गरिने जल क्रिडा सञ्चालन गर्ने ।

६. ५ हजार मिटर भन्दा बढीको उचाईमा वार्षिक १० हजार भन्दा बढी पर्यटन प्रबर्द्धन गर्ने ।

७. पदयात्रा स्थलमा निस्कने फोहरको निष्कासन तथा व्यवस्थापन गर्ने ।

(ए) खानेपानी

१. २०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षादको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका श्रोतहरु (स्पीइङ वेटलेण्ड ) को प्रयोग गर्ने ।

२. सेफ इल्ड १ क्यूबिक सम्मको सतही पानीको स्रोत र पानीको ५० प्रतिशत सम्म सुख्खा समयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड १० देखि २५ लिटरका दरले पानी प्रशोधन गर्ने।

४. भूमिगत पानीको श्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशत सम्म रिचार्ज गर्ने ।

५. १ किलोमिटरसम्मको पानी लैजाने सुरुङ निर्माण गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जना सम्म जनसंख्या विस्थापन गर्ने ।

७. पानीको श्रोतको माथिल्लो भागमा ५०० जनसंख्या सम्मको बसोबास गराउने।

८. दुई हजारदेखि बीस हजारसम्म जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. दश हजारदेखी एक लाखसम्म मानिसहरुलाई खानेपानी आपूर्ति गरी नयाँ श्रोत जोड्ने ।

१०. पानी तान्ने वा प्रशोधन गर्ने प्लाण्टका लागि २० किलोमिटर भन्दा बढीको विद्युत लाईन जडान गर्ने र १ मेगावाट भन्दा बढी विद्युत शक्ति उपयोग गर्ने ।

११. १ कि.मि. भन्दा बढीको रिभर ट्रेनिँग एण्ड डाइभरसन् सम्बन्धी काम गर्ने ।

(ऐ) फोहोर मैला व्यवस्थापन

१. दुई हजारदेखि दश हजारसम्म जनसंख्यालाई सेवा पुऱ्याउने उद्देश्यले संचालन हुने फोहर मैला व्यवस्थापन कार्य गर्ने ।

२. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्ने:-

(क) वार्षिक १०० देखि १००० टनसम्म फोहरमैला जमिनमा भर्ने ।

(ख) ३ हेक्टर सम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र

रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम ।

(ग) २ हेक्टर सम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहर मैला छनौट, केलाउने, तह लाउने, पुनः प्रयोग गर्ने ।

(घ) १ देखि ५ हेक्टरसम्म क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने ।

(ङ) ढल निकास आयोजना संचालन गर्ने ।

(ओ) कृषि क्षेत्र

१. पहाडमा १ हेक्टर सम्म र तराईमा ५ हेक्टर सम्म राष्ट्रिय वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. निर्माण सम्बन्धी देहायको काम गर्नेः-

(क) प्रति दिन १ देखि ३ टन सम्मको मासु उत्पादन गर्ने क्षमताको पशु पंक्षी बधशाला स्थापना गर्ने ।

(ख) १ देखि ५ किलो मिटरसम्मको कृषि सडक निर्माण गर्ने ।

(ग) २००० देखि ५००० वटा सम्मका पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) १०० देखि ५०० वटा सम्मका ठूला चौपायाहरु पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ङ) १००० देखि ५००० वटा सम्मका साना चौपायाहरु (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) शहरी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

३. विषादी सम्बन्धी (सूचित विषादीहरुको हकमा मात्र) देहायको कामहरु गर्नेः-

(क) १ देखि १० टन सम्मको विषादी आयात गर्ने ।

(ख) १०० के.जी. देखि १ टन सम्मको विषादी बिक्री वितरण, भण्डारण तथा डिस्पोजल गर्ने ।

(ग) १०० के.जी. देखि १ टन सम्मको विषादी एकै क्षेत्रमा प्रयोग गर्ने ।

४. जोखिमपूर्ण विषादीहरु मिश्रित प्रदूषित पदार्थहरु थान्को लगाउने खालका कृषि जन्य देहायका उद्योगहरु स्थापना गर्नेः-

(क) दैनिक २६ हजार लिटरसम्म क्षमताको दुग्ध प्रशोधन गर्ने उद्योग ।

(ख) जाम, जेली, स्क्वास, जुस जस्ता कृषिमा आधारित उद्योग।

(ग) चीज उद्योग ।

(घ) बेबी फूड उद्योग ।

(ङ) पशुपंक्षीको दाना उद्योग ।

(च) हाड, सिंङ र खुरजन्य उद्योग ।

५. १००० देखि ५००० मे.टन. सम्म क्षमताको कोल्ड स्टोरेज प्लान्ट स्थापना गर्ने ।

६. १ हेक्टर भन्दा बढी क्षेत्रमा व्यावसायिक रुपमा मत्स्य पालन गर्ने ।

अनुसूची -२
(नियम ३ संग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने प्रस्तावहरु

(अ) वन क्षेत्र

१. तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा ५० हेक्टर भन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

२. सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरु तराईमा ५० हेक्टर भन्दा बढी र पहाडमा २५ हेक्टर भन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने।

३. तराईमा १०० हेक्टर भन्दा बढी र पहाडमा २५ हेक्टर भन्दा बढी क्षेत्रफलको वन कवुलियती वनको रुपमा दिने।

४. ५ हेक्टर क्षेत्रफल भन्दा बढी वन सरपट कटान वा पुनरुत्थान गर्ने।

५. वार्षिक ५० हजार क्यूविक फिट भन्दा बढी काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने।

६. वार्षिक ५० टन भन्दा माथिको काठ बाहेकका वनजन्य उत्पादनको संकलन गर्ने।

७. वन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने।

८. सार्वजनिक वन फँडानी गरी व्यावसायिक उत्पादनको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नयाँ जडीबुटी केन्द्रको स्थापना गर्ने ।

९. कच्चा पदार्थको लागि वनमा आधारित र प्रशोधन विधि प्रयोग हुने वन क्षेत्रको १ कि.मि. भित्र स्थापना गर्ने रोजिन र टर्पेन्टाइन, रबर, प्लाइउड र भेनिर, कत्था र काठमा आधारित सलाई, पल्प र कागज उद्योग, दाउरा बढी खपत गर्ने अलैंची र मध्यम र ठूला चिया उद्योग स्थापना गर्ने ।

१०. फोहोर तथा प्रदूषण फाल्ने, जडीबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक तथा औद्योगिक प्रशोधन गर्ने ।

११. वन सिमानाको ५ कि.मि. क्षेत्र भित्र स:मिल, ईटा टायल, सूर्ति प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

१२. वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र, मध्यवर्ति क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा रिसोर्ट, होटल र सफारी तथा शिक्षण संस्था, अस्पताल र उद्योग स्थापना वा अन्य निर्माण कार्य गर्ने ।

(आ) उद्योग क्षेत्र

१. दैनिक २५ हजार लिटर भन्दा बढी उत्पादन क्षमता भएको उमाल्ने तथा फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी स्थापना गर्ने।

२. दैनिक २५ हजार हेक्टो लिटर भन्दा बढी उत्पादन क्षमता भएको उमाल्ने तथा फर्मेन्टेशन सुविधायुक्त ब्रुअरी स्थापना गर्ने ।

३. दैनिक १०० टन भन्दा बढी उत्पादन गर्ने रसायनिक उद्योगहरु स्थापना गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. दैनिक १०० थान भन्दा बढी आधुनिक छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

५. तीन हेक्टरभन्दा बढी खुला क्षेत्रफल ओगट्ने मेकानिकल वर्कशप र स:मिल स्थापना गर्ने ।

६. दैनिक ५०० के.जी. भन्दा बढी कच्चा पदार्थ प्रयोग गर्ने प्लाष्टिकसंग सम्बन्धित उद्योग स्थापना गर्ने ।

७ फर्टिलाइजर, कीटनाशक औषधी, लुब्रिकेटिङ तेल, फोमसंग सम्बन्धित उद्योगहरु स्थापना गर्ने ।

८. खानीमा आधारित ठूला उद्योग, वन पैदावारमा आधारित मझौला तथा ठूला उद्योग स्थापना गर्ने ।

९. एक लाख घन मिटर भन्दा बढीको पेट्रो रसायनको भण्डार निर्माण गर्ने ।

१०. पेट्रो-रसायनिक उत्पादन तथा प्रशोधन गर्ने ।

११. नन् फेरियस् प्राइमरी स्मेल्टिङ् सम्बन्धी देहायका वस्तु उत्पादन गर्ने :-

(क) अल्मुनियम

(ख) तामा

(ग) अन्य -प्रतिदिन १० टन भन्दा बढी उत्पादन गर्ने ।

१२. दैनिक १०० वटा भन्दा बढी जनावर काट्ने क्षमताको पशुवधशालाको स्थापना गर्ने ।

१३. चुरोट, वियर तथा मदिरा, ब्याट्री, चिनी उत्पादन, धागो तथा कपडा छपाई एवं रंगाई र विटुमिन उद्योगहरु स्थापना गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. देहायका गैर धातुगत उद्योग स्थापना गर्ने:-

(क) सिमेण्ट उद्योग

(ख) दैनिक ५० टन भन्दा बढी क्षमताको (रोटरी भट्टा) वा प्रतिदिन २५ टन भन्दा बढी क्षमताको चून (भर्टिकल भट्टा) उद्योग ।

(ग) एस्बेस्टस सम्बन्धी उद्योग ।

(घ) रेडियो विकीरण निष्काशन हुने कुनै उद्योग ।

१५. फलाम र स्टिल ( रि-रोलिंग फेब्रिकेशन गर्ने उद्योग बाहेक) सम्बन्धी देहायका उद्योग स्थापना गर्ने:-

(क) दैनिक ५० टन भन्दा बढी उत्पादन क्षमता भएको फलामे धाउलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने ।

(ख) दैनिक २०० टन भन्दा बढी उत्पादन क्षमता भएको पत्रु फलामलाई कच्चा पदार्थका लागि प्रयोग गर्ने ।

१६. पल्प र कागज सम्बन्धी देहायका उद्योग स्थापना गर्ने :-

(क) वन पैदावारमा आधारित दैनिक २५ टन भन्दा बढी उत्पादन क्षमता भएको ।

(ख) वन पैदावार बाहेक अन्य पदार्थमा आधारित दैनिक ५० टन भन्दा बढी उत्पादन क्षमता भएको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(इ) खानी क्षेत्र

१. ५० हेक्टर भन्दा बढीको क्षेत्रफलको जमिनमा अन्वेषण गर्ने।

२. १० हेक्टर भन्दा बढीको जमिनमा खानी क्षेत्रको स्थापना गर्ने ।

३. खानीको उत्खनन् तथा स्थापना गर्ने र उत्खनन्बाट प्राप्त वस्तु प्रशोधन र स्मेल्टिङ गर्नको लागि १०० जना भन्दा बढी जनसंख्या स्थायी बसोबास स्थानान्तरण वा पुर्नवास गर्ने ।

४. दैनिक १० टन भन्दा बढी कच्चा पदार्थ प्रयोग हुने पत्रु फलाम उत्पादन गर्ने ।

५. दैनिक १०० ग्राम भन्दा बढी उत्पादन क्षमताको अति बहुमुल्य धातु उत्खनन् गर्ने ।

६. कुनै पनि तरिकाबाट औद्योगिक प्रयोजनको लागि ५० ग्राम भन्दा बढी बहुमुल्य र अर्ध बहुमुल्य खनिज उत्खनन् गर्ने ।

७. प्राकृतिक ग्यांस तथा मध्यमदेखि ठूला स्तरका खनिज इन्धन निकाल्ने ।

८. नदी सतहबाट दैनिक ५० घन मिटर भन्दा बढी बालुवा, ग्राभेल ( गिर्खा ) र माटो निकाल्ने ।

९. वार्षिक ५० लाख गोटा भन्दा बढी इटा र टायल उत्पादन गर्न माटो उत्खनन् गर्ने ।

१०. अति बहुमुल्य धातु बाहेक गैर फलाम धातु वा अन्य धातु उत्खनन् सम्बन्धी मझौला तथा ठूला खानी सम्बन्धी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम गर्ने ।

११. सबै प्रकारका खानी कार्य र खनिजको लागि प्रशोधन गर्ने ।

१२. दैनिक १०० टन भन्दा बढीको कच्चा पदार्थ प्रयोग हुने फलाम उत्पादन गर्ने ।

१३. मेन बाउण्डरी थर्ष्ट एण्ड सेन्टर बाउण्डरी थर्ष्ट जोनमा पर्ने जमिन भन्दा तल हुने सबै खानी सम्बन्धी कार्य गर्ने ।

१४. मध्यम देखि ठूला स्तरका खानीबाट माटो बाहेकका अन्य निर्माण सामग्री निकाल्ने ।

१५. मझौला र ठूला स्तरका औद्योगिक खनिजहरुको भूमिगत वा खुल्ला खानी सञ्चालन गर्ने ।

१६. मध्य खनिज धातु उत्खनन् गर्ने ।

१७. व्यावसायिक प्रयोगको लागि मध्यमदेखि ठूलोस्तरमा प्राकृतिक ग्यांस उत्पादन गर्ने ।

१८. रेडियोधर्मी खनिजको उत्खनन् गर्ने ।

१९. कच्चा तेल उत्खनन् गर्ने ।

२०. ग्यांस पाईप लाइन बिछ्याई व्यावसायिक रुपमा ग्यांस वितरण गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ई) सडक क्षेत्र

१. देहायका सडकहरु निर्माण गर्ने:-
(क) राष्ट्रिय राजमार्ग
(ख) प्रमुख सहायक सडकहरु

२. ५ कि.मि. भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने ।

३. ५ कि.मि. भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने ।

(उ) जलस्रोत र उर्जा क्षेत्र

१. ६६ के.भी. भन्दा बढी क्षमताको विद्युत प्रशारण लाइन निर्माण गरी वितरण गर्ने ।

२. ६ एम.भि.ए. भन्दा माथिको ग्रामिण विद्युतीकरण आयोजना संचालन गर्ने ।

३. ५ मेगावाट भन्दा बढी क्षमताको विद्युत उत्पादन आयोजना संचालन गर्ने ।

४. १ मेगावाट भन्दा बढीको डिजेल वा तापीय विद्युत उत्पादन गर्ने ।

५. सिंचाईको नयाँ प्रणाली अन्तर्गत :
(क) तराईमा २ हजार हेक्टर भन्दा बढीको क्षेत्र सिंचाई गर्ने।
(ख) पहाडी उपत्यकामा ५ सय हेक्टर भन्दा बढी क्षेत्र सिंचाइ गर्ने ।
(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २ सय हेक्टर भन्दा बढी क्षेत्र सिंचाई गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. १०० जना भन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने ।

७. बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

८. एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई ( इन्तर बेसिन वाटर ट्रान्सफर ) उपयोग गर्ने ।

(ऊ) पर्यटन क्षेत्र

१. १०० सैया भन्दा बढीको होटल निर्माण स्थापना र सञ्चालन गर्ने ।

२. नयां विमानस्थलको स्थापना र विकास गर्ने ।

३. एउटै नदीमा वार्षिक २ हजार भन्दा बढी व्यक्तिबाट र्‍याफ्टिङ गराउने ।

४. पर्यटक तथा तिनको सहयोगी गरी एउटै क्षेत्रमा वार्षिक २ हजार भन्दा बढी पदयात्राका लागि पठाउने ।

५. उच्च पहाडी क्षेत्रमा साहसिक पर्यटन व्यवसाय प्रवर्द्धन हुने कुनै पनि पूर्वाधारको विकास निर्माण गर्ने ।

६. तालमा स्थापना हुने हाउस बोट (तैरने घर) संचालन गर्ने।

(ए) खानेपानी

१. २०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षादको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका श्रोतहरु ( स्पीइङ । वेटलेण्ड ) को प्रयोग गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सेफ इल्ड १ क्यूबिक फिटभन्दा बढी सतही पानीको स्रोत र सो पानीको स्रोतको सम्पूर्ण भाग सुख्खा समयमा आपूर्ति गर्ने ।

३. प्रति सेकेण्ड २५ लिटर भन्दा बढीका दरले पानी प्रशोधन गर्ने ।

४. भूमिगत पानीको श्रोत विकासका लागि कूल एक्यूफरको ५० प्रतिशत भन्दा बढी रिचार्ज गर्ने ।

५. १ किलोमिटरभन्दा बढीको पानी लैजाने सुरुङ निर्माण गर्ने।

६. खानेपानी आयोजना संचालन गर्नको लागि १०० जना भन्दा बढी जनसंख्या विस्थापित गर्ने ।

७. पानीको श्रोतको माथिल्लो भागमा ५०० जना भन्दा बढी जनसंख्याको बसोबास गराउने ।

८. २० हजारभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

९. एक लाखभन्दा बढी मानिसहरुलाई खानेपानी आपूर्ति गरी नयाँ श्रोत जोड्ने ।

१०. जैविक एवं रासायनिक प्रदूषणहरु हुने पोयन्ट र नन-पोयन्ट श्रोतहरु वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलश्रोतको ओभर माइनिङ गर्ने ।

११. प्रति सेकेण्ड २५ लिटर भन्दा बढी पानीको श्रोत उपयोग गर्ने खानेपानी श्रोत सम्बन्धी बहु उद्देश्यीय आयोजना संचालन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ऐ) फोहोरमैला व्यवस्थापन

१. १० हजार भन्दा बढी जनसंख्यालाई सेवा पुऱ्याउने उद्देश्यले संचालन हुने फोहर मैलाको व्यवस्थापन कार्य गर्ने ।

२. घर एवं आवास क्षेत्रहरुबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(क) वार्षिक एक हजार टन भन्दा बढी फोहर मैला जमीनमा भर्ने ।

(ख) ३ हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने ।

(ग) २ हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहर मैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने।

(घ) ५ हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने ।

(ङ) कम्तीमा दश हजार जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहर मैला गाड्ने काम गर्ने ।

३. निम्न प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्नेः-

(क) फोहर मैला संयन्त्र निर्माण ।

(ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण ।

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण ।

(घ) फोहरमैला भण्डार गर्ने ठाउँको निर्माण ।

(ङ) फोहरमैला ट्रिटमेन्ट सुविधाको निर्माण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. घातक फोहर पदार्थहरु सम्बन्धी देहायका काम गर्नेः-

(क) २५ वर्ष भन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निष्कासन र व्यवस्थापन गर्ने ।

(ख) ५० लेथल डोज भएको कुनै पनि घातक रसायन पदार्थ निष्कासन र व्यवस्थापन गर्ने।

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ होमबाट निस्कने जैविक घातक पदार्थहरुको अन्तिम निष्कासन व्यवस्थापन गर्ने ।

(घ) कुनै पनि घातक पदार्थलाई भस्म वा पुनः प्रयोग गर्नको लागि एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफल जमीन र उर्जा सम्बन्धी कुनै काम गर्ने ।

(ओ) कृषि क्षेत्र

१. पहाडमा १ हेक्टर भन्दा बढी र तराईमा ५ हेक्टर भन्दा बढी वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने ।

२. निर्माण सम्बन्धी देहायको काम गर्नेः-

(क) प्रति दिन ३ टन भन्दा बढी मासु उत्पादन गर्ने क्षमताको पशुपंक्षी बधशाला स्थापना गर्ने ।

(ख) ५ किलो मिटर भन्दा माथिको कृषि सडकको निर्माण गर्ने ।

(ग) ५००० भन्दा बढी पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) ५०० भन्दा बढी ठूला चौपायाहरु पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ङ) ५००० भन्दा बढी साना चौपायाहरु ( भेडा, बाखा ) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(च) कृषियोग्य भूमिमा शहरीकरण योजना गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विषादी सम्बन्धी ( सूचित विषादीहरुको हकमा मात्र ) देहायका कामहरु गर्नेः-

(क) १० टन भन्दा बढी विषादी आयात गर्ने ।

(ख) १ टन भन्दा बढी विषादी बिक्री वितरण, भण्डारण तथा डिस्पोजल गर्ने ।

(ग) १ टन भन्दा बढी विषादी एकै क्षेत्रमा प्रयोग गर्ने ।

(घ) जीवनाशक विषादी प्लान्ट वा विषादी सम्बन्धी काम गर्ने।

(औ) स्वास्थ्य सम्बन्धी

१. २५ शैयाभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन अध्यापन समेत) संचालन गर्ने।

(अं) निम्नलिखित क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमा-

१. ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र ।
२. पर्यावरणीय दृष्टिले कमजोर तथा सीम क्षेत्र ।
३. राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र ।
४. अर्धशुष्क, पर्वतीय तथा हिम क्षेत्र ।
५. संभाव्य बाढी तथा अन्य खतरायुक्त क्षेत्र ।
६. आवास, विद्यालय तथा अस्पताल क्षेत्र ।
७. सार्वजनिक खानेपानी आपूर्तिका मुख्य स्रोतहरु रहेको क्षेत्र।
८. पानी भएको ठाउँ (जमेको वा बग्दै गरेको)।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-३
## (नियम ५ संग सम्बन्धित)
## प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

२. प्रस्तावको-
   (क) सामान्य परिचय
   (ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्ने पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरु

५. प्रतिवेदन तयार गर्दा लाग्ने-
   (क) समय
   (ख) अनुमानित बजेट

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारण गरिएको क्षेत्र

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव-
   (क) सामाजिक-आर्थिक
   (ख) साँस्कृतिक-भौतिक
   (ग) रसायनिक
   (घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरु-
   (क) डिजाइन
   (ख) आयोजना स्थल
   (ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ
   (घ) अन्य कुराहरु ।

९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरु

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

११. अन्य आवश्यक कुराहरु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४
## (नियम ५ संग सम्बन्धित)

## वातावरणीय प्रभाव मूल्याकंनको कार्यसूची

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:-

२. प्रस्तावको सामान्य परिचय

३. प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्यांक र तथ्याकंहरु संकलन विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम र निर्देशिकाहरु,

५. प्रतिवेदन तयार गर्दा लाग्ने-
(क) समय
(ख) अनुमानित खर्च
(ग) आवश्यक पर्ने विशेषज्ञ

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारण गरिएको क्षेत्र

७. प्रतिवेदन कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु-
(क) सामाजिक-आर्थिक
(ख) सांस्कृतिक-भौतिक
(ग) रसायनिक
(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका अन्य विकल्पहरु
(क) डिजाइन
(ख) आयोजना स्थल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रविधि र सञ्चालन विधि, समय-तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) वातावरण व्यवस्थापन प्रणाली

(ङ०) प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने

(च) अन्य कुराहरु

९. प्रस्ताव कार्यान्वयन गर्दा देखिने नकारात्मक प्रभावहरु हटाउने उपायहरु

१०. प्रस्तावको लागत प्रतिफलको विवरण

११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

१२. प्रतिवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने सान्दर्भिक सूचना, सन्दर्भ सूची, परिशिष्ट, नक्सा, फोटो चित्र, तालीका, चार्ट, ग्राफ र प्रश्नावलीहरु

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५

( नियम ७ संग सम्बन्धित )

## प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

२. प्रस्तावको सारांश: ( प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरु संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरु ।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :-

(क) प्रस्तावको किसिम

(१) प्रशोधन गर्ने (२) उत्पादन गर्ने (३) जडान गर्ने (४) सर्भिस डेलिभरी

(५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रस्तावको-

(१) जडान क्षमता (२) प्रति दिन वा वर्ष कति घण्टा संचालन हुने

(घ) प्रयोग गरिने सामाग्री ( परिमाण र वर्ष उल्लेख गर्ने )

(ङ०) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने ( कति समय संचालन हुँदा कति परिमाणमा निष्कासन हुने हो खुलाउनु पर्ने ) ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) ठोस (२) तरल (३) हावा (४) ग्यास (५) ध्वनि (६) धूलो (७) अन्य

(च) प्रयोग हुने उर्जाको:-
(१) किसिम, (२) स्रोत (३) खपत हुने परिमाण (प्रति घण्टा, दिन र वर्षमा)

(छ) जनशक्तिको आवश्यकता कति पर्ने

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने
(१) कूल पूँजी (२) चालू पूँजी (३) जमिनको क्षेत्रफल (४) भवन र तिनका किसिम (५)मेसिनरी औजार (६) अन्य

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण:
(१) नक्सा (२) सो क्षेत्र र वरिपरीको जनसंख्या र बसोबासको स्थिति
(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरण
(४) हालको स्थिति (५) पानीको स्रोत (६) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था
(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो

(ञ) उत्पादन प्रक्रिया (ट) प्रविधिको विवरण (ठ) अन्य आवश्यक कुराहरु

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु-

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव
(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव (२) खेती योग्य जमिनको क्षय
(३) वन जंगलको क्षय (४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन (५) अन्य

(ख) जैविक प्रभावहरु
(१) जनसंख्या (२) वनस्पति तथा जीवजन्तु (३)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरु

(१) जमिन (२) वायुमण्डल (३) पानी (४) ध्वनि

(५) मानव निर्मित वस्तुहरु (६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरु-

(१) डिजाइन (२) आयोजना स्थल (३) प्रक्रिया, समय-तालीका

(४) प्रयोग हुने कच्चा पदार्थ (५) अन्य कुराहरु

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरु

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरु

८. अन्य आवश्यक कुराहरु

द्रष्टव्य:-प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्यांक, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०

## अनुसूची-६
( नियम ७ संग सम्बन्धित)

## वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:-

२. प्रस्तावको सारांश: ( प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरुमा उल्लेख गर्ने):-

(क) प्रस्तावको उद्देश्य,
(ख) भू-उपयोगमा पर्ने असर,
(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप
(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,
(ङ) अन्य आवश्यक कुराहरु ।

३. प्रतिवेदनको सारांश: वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरुको संक्षिप्त विवरण ।

४ प्रस्तावको विवरण:

(क) प्रस्तावको प्राविधिक, भौगोलिक, वातावरणीय, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पक्ष उल्लेख गर्ने ।
(ख) प्रस्तावको कार्यान्वयनको प्रत्येक चरणमा गरिने कार्यहरुको उद्देश्य, कार्यनीति तथा कार्यतालिका उल्लेख गर्ने ।

५. प्रस्तावको आधारभूत जानकारी: प्रस्तावको प्रकृति अनुसार मूल्याकंन गरिने क्षेत्रको भू-भौतिक, सांस्कृतिक, जैविक तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक, आर्थिक परिस्थितिका साथै प्रस्ताव संचालन हुनुभन्दा पहिला हुन सक्ने कुनै परिवर्तनका बारेमा आधारभूत जानकारी उल्लेख गर्ने । उपलब्ध हुन नसक्ने कुनै तथ्यांक तथा अध्ययनले समेट्न नसक्ने विषयवस्तुहरु भए सो पनि उल्लेख गर्ने ।

६. वातावरणीय प्रभावको पहिचान: प्रस्ताव कार्यान्वयन गर्दा वातावरणको देहायका क्षेत्रमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुको उल्लेख गर्ने तथा संभव भएसम्म समय र कार्य तालिका अनुसार सम्भावित प्रभावहरुको अनुमान गर्ने र परिमाण तोक्ने:-

(क) प्रस्तावको कार्यान्वयनबाट लाभदायी वा प्रतिकूल प्रभाव पर्ने समय र भौगोलिक क्षेत्र ।

(ख) प्रस्तावको कार्यान्वयनबाट निष्काशन हुने फोहरमैला र प्रदूषणका प्रभावहरु ।

(ग) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रत्यक्ष, अप्रत्यक्ष र समग्र (कुमुलेटीभ) प्रभावहरु ।

७. प्रस्तावको विकल्प विश्लेषण: देहायको विषयमा विश्लेषण गर्नु पर्ने:-

(क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र संचालन विधि, समय तालिका प्रयोग हुने कच्चा पदार्थ आदिको विषयमा ।

(ख) प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने स्थिर पूंजी र चालू पूंजी, स्थानीय अनुकूलता, संस्थागत तालिम र सुपरिवेक्षणको आवश्यकताहरुका आधारमा तुलना गर्ने र संभव भएसम्म प्रत्येक वैकल्पिक उपायको वातावरणीय लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रतिकूल असरहरु।

(घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने उर्जा र त्यस्तो उर्जा बचत गर्न अपनाइने उपायहरु।

(ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण ।

८. वातावरणीय प्रभाव कम गर्ने उपायहरु:

(क) वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरुको लागि अपनाउनु पर्ने व्यावहारिक सुरक्षात्मक उपायहरु उल्लेख गर्ने।

(ख) सुरक्षात्मक उपायहरुद्वारा वातावरणमा पर्ने प्रभाव पूर्ण रुपमा हटाउन नसकिने भएमा क्षतिपूर्तिका सम्बन्धमा उल्लेख गर्ने । अन्य संभावित विकल्पहरुसंग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कत्तिको प्रभावकारी छन् भन्ने कुराका विश्लेषण गर्ने।

(ग) अन्य संभावित विकल्पहरुसंग तुलना गरी सुरक्षाका उपायहरु खर्चका दृष्टिकोणबाट कतिको प्रभाव परेका छन् भन्ने कुरामा विश्लेषण गर्ने ।

९. वातावरणीय व्यवस्थापन योजनाका सम्बन्धमा उल्लेख गर्ने ।

१०. नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा: प्रस्तावको प्रकृति र स्तरका आधारमा सम्बन्धित नीति तथा ऐन नियमहरुको समीक्षा गर्ने । कुनै नीति तथा कानूनी व्यवस्थामा सुधार गर्नु पर्ने भए सो उल्लेख गर्ने ।

११. प्रस्तावको अनुगमन: प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका सम्बन्धमा गरिने अनुगमनको तरिका, अनुगमन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने निकाय र सयम-तालिका, अनुगमन तथा मूल्याकंनका सूचक आदि उल्लेख गर्ने ।

१२. वातावरणीय परीक्षणको ढाँचा तथा त्यसको सार्थकताका बारेमा उल्लेख गर्ने ।

१३. सन्दर्भ सामग्रीहरु: प्रतिवेदन तयार गर्दा उद्धृत गरिएको सन्दर्भहरुको प्रकाशन सम्बन्धी सूची निम्नलिखित आधारमा बनाउने :-

(क) लेखक,
(ख) प्रकाशित भएको मिति,
(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,
(घ) उद्धृत गरिएको प्रकाशन वा पत्रिकाको नाम,
(ङ०) वर्ष, खण्ड, अंक आदि (भएको खण्डमा),
(च) पृष्ठ ।

१४. परिशिष्टमा देहायका कुराहरु समावेश गर्ने:

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसंग सम्बन्धित नक्शाहरु,
(ख) संभव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,
(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषय वस्तुको सूची,
(घ) चार्ट तथा चित्रहरु जस्ता वातावरणीय प्रभाव मूल्याकंनसंग सम्बन्धित कुराहरु,
(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्यांक ( समयको आधारमा क्रमबद्ध गरी),
(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्यांक,
(छ) भौगर्भिक तथा जोखिम मूल्यांङ्कन तथ्यांङ्क ( प्राप्त गर्न सकिने भएमा),


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना संचालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

(झ) वातावरण प्रभाव मूल्याकनसंग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्डहरु तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्यांक,

(ठ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरुको सन्दर्भ सूची,

(ड) आमन्त्रित व्यक्तिहरु तथा सहभागीहरुको सूची तथा सम्बन्धित संस्थाहरु बीचको छलफल, भेला र बैठकको रेकर्डहरु तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ढ) वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीका व्यक्ति तथा संस्थाहरुको नामावली,

(ण) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरुको नाम, ठेगाना र टेलिफोन नम्बर ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ७

(नियम १६ को उपनियम (१) संग सम्बन्धित)

प्रदुषण नियन्त्रण प्रमाणपत्र लिनुपर्ने उद्योगहरु

१. एस्बेस्टस उद्योग

२. सिमेन्ट उद्योग

३. सेरामिक उद्योग

४. रसायनिक उद्योग

५. कोइला र अगिनाईटमा आधारित रसायनिक उद्योग

६. इन्जीनियरिङ्ग उद्योग

७. धातुगत उद्योग

८. मलखाद उत्पादन सम्बन्धी उद्योग

९. धातु काँच पगाल्ने उद्योग

१०. खाद्य र कृषिजन्य उत्पादन सम्बन्धी उद्योग

११. गैर धातुगत उद्योग

१२. फलामको धाउ र खनिज प्रशोधन उद्योग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. कोइला र पेट्रोलियम पदार्थमा आधारित वस्तुद्वारा शक्ति उत्पादन गर्ने उद्योग

१४. पल्प र कागज उद्योग

१५. सुती कपडा उद्योग

१६. पेट्रोल प्रशोधन उद्योग

१७. पेट्रोलियम पदार्थ र पेट्रो-रसायनिक उद्योग

१८. फोहरमैला जलाउने संयन्त्र सम्बन्धी उद्योग

१९. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९ मा उल्लेख भएका अनुमति लिनु पर्ने उद्योगहरु ।

आज्ञाले,

रवीन्द्र कुमार शाक्य

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।